## भगत सर्वजित शिल्प उद्यम विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८२

स्वीकृत मितिः २०८२/०७।१३ गते

**प्रस्तावनाः** दलित समुदायको परम्परागत पेसा, ज्ञान, सीप, कला, संस्कृति तथा प्रविधिको संरक्षण, प्रयोग र विकास गरी जीवनस्तरमा सुधार ल्याउने संवैधानिक व्यवस्थालाई आत्मसात् गर्दै उक्त समुदायको परम्परागत तथा मौलिक पेसाको संरक्षण एवम् प्रवर्धनमार्फत रोजगारी तथा आय आर्जनका अवसर सिर्जना गर्नका लागि आर्थिक वर्ष २०८२/८३ को स्वीकृत बजेट तथा कार्यक्रममा रहेको "भगत सर्वजित शिल्प उद्यमशीलता विकास कार्यक्रम" सञ्चालन गर्न,

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ६५ को उपदफा (४) ले दिएको अधिकार प्रयोग गरी उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले यो कार्यविधि बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम " भगत सर्बजित शिल्प उद्यम विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८२" रहनेछ।

(२) यो कार्यविधि स्वीकृत भएको मिति देखि प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "कार्यक्रम" भन्नाले भगत सर्वजित शिल्प उद्यम विकास कार्यक्रम सम्झनु पर्छ।

(ख) "कार्यविधि" भन्नाले " भगत सर्बजित शिल्प उद्यम विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८२" सम्झनु पर्छ।

(ग) "दलित समुदाय" भन्नाले राष्ट्रिय दलित आयोगको सिफारिसमा नेपाल सरकारले परिभाषित गरेको समुदायलाई सम्झनु पर्छ।

(घ) "प्रतिष्ठान" भन्नाले औद्योगिक व्यवसाय विकास प्रतिष्ठान सम्झनु पर्छ।

(ङ) "प्रविधि" भन्नाले दलित समुदायको परम्परागत पेसा, ज्ञान, सीप, कला, संस्कृति सँग सम्बन्धित मेसिन वा उपकरण वा औजार वा कुनै काम गर्दा अनुभव तथा प्रयोगका आधारमा अँगालिने खास विधि वा प्रक्रिया वा कुनै कुराको निर्माण गर्न वैज्ञानिक ढङ्गले काम गर्ने पद्दति, सीप, ढङ्ग वा कौशल वा तकनिकीलाई सम्झनु पर्छ।

(च) "प्रविधि स्तरोन्नत्ति" भन्नाले दलित समुदायको परम्परागत पेसा, ज्ञान, सीप, कला, संस्कृतिलाई नविनतम्, व्यावसायीक तथा आधुनिक प्रविधियुक्त बनाउने वा आधुनिक मेसिन वा उपकरण वा औजार खरिदमा सहयोग उपलब्ध गराउने कार्य सम्झनु पर्छ।

(छ) "मन्त्रालय" भन्नाले उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय सम्झनु पर्छ।

(ज) "लाभग्राही" भन्नाले परम्परागत पेसामा आबद्ध दलित समुदायका व्यक्ति वा समुहद्वारा सञ्चालित फर्म वा उद्यमका लागि कार्यक्रमबाट लाभ प्राप्त गर्ने व्यक्ति वा समूहलाई सम्झनु पर्छ।

३. <u>उद्देश्य:</u> यो कार्यक्रमको उद्देश्य देहायबमोजिम हुनेछ।

(क) दलित समुदायको परम्परागत पेसा, ज्ञान, सीप, कला, संस्कृति तथा प्रविधिको संरक्षण र प्रवर्धन गर्ने,

(ख) परम्परागतरूपमा पेसा गरिरहेका दलित समुदायलाई उद्यमशीलता एवम् सीप विकास तालिम मार्फत दक्षता अभिवृद्धि गरी उद्यमी सिर्जना गर्ने,

(ग) परम्परागत कला र पेसालाई आधुनिक प्रविधिको हस्तान्तरण गरी उत्पादन र उत्पादकत्व बढाउने,

(घ) परम्परागत कला र पेसामा आधारित उद्यमको विकास तथा प्रवर्धनका लागि वित्तीय पहुँचमा सहजीकरण एवं ब्याजमा अनुदान प्रदान गर्ने

(ङ) उत्पादित वस्तुलाई स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय बजारमा समुचित बजारीकरणमा सहजीकरण गर्ने, र

(च) स्वरोजगार, रोजगारी सृजना तथा आय आर्जनका माध्यमबाट दलित समुदायको जीवनस्तरमा सुधार ल्याउने।

४. <u>कार्यक्रम सञ्चालनका क्षेत्रहरू:</u> (१) यो कार्यक्रम सञ्चालनको क्षेत्र देहायबमोजिम रहेको छ।

(क) उद्यमशीलता विकास

(ख) प्रविधि स्तरोन्नतिमा सहयोग

(ग) सहुलियतपूर्ण ब्याज अनुदान

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं

५. <u>लाभग्राहीको योग्यता</u>: यो कार्यक्रमको लाभग्राहीको योग्यता देहायबमोजिम हुनेछ।

(क) दलित समुदायको नेपाली नागरिक,

(ख) उमेर १६ वर्ष पुरा भई ६० वर्ष ननाघेको,

(ग) परम्परागत सीप र कलाको उपयोग गरी आफ्नो पेसामा निरन्तर आबद्ध रहेको, र

(घ) परम्परागत पेसामा आबद्ध दलित समुदायका व्यक्ति वा समूहद्वारा सञ्चालित फर्म वा उद्यम।

६. <u>कार्यक्रम कार्यान्वयन</u>: (१) यो कार्यक्रमको कार्यान्वयन प्रतिष्ठानले गर्नेछ।

(२) कार्यक्रम कार्यान्वयनका क्रममा प्रतिष्ठानले आवश्यकता अनुसार विषय विज्ञ, सम्बन्धित निकाय तथा प्रचलित कानून बमोजिमको सेवा प्रदायक संस्थाको सहयोग लिन सक्नेछ।

(३) उपदफा (२) बमोजिम सेवा प्रदायक संस्थाको सहयोगमा उद्यमशीलता विकास तालिम सञ्चालन गर्नु पर्ने भएमा गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ मा भएको सेवा प्रदायक संस्थामार्फत कार्यक्रम सञ्चालन सम्बन्धी व्यवस्था बमोजिम गर्नु पर्नेछ।

(४) प्रविधि स्तरोन्नत्तिमा सहयोग सम्बन्धी कार्यको कार्यान्वयन सार्वजनिक खरिद सम्बन्धी प्रचलित नेपाल कानून बमोजिम प्रतिष्ठानले गर्नेछ।

(५) सहुलियतपूर्ण ब्याज अनुदान सम्बन्धी कार्यको कार्यान्वयन "सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदानसम्बन्धी कार्यविधि, २०८२" बमोजिम हुनेछ ।

(६) कार्यक्रम कार्यान्वयनको ढाँचा देहाय बमोजिम हुनेछ;-

(क) दफा ४ बमोजिमको कार्यक्रम अन्तर्गत समावेश हुन इच्छुक दफा ५ बमोजिमको योग्यता पुगेका लाभग्राहीहरूबाट दफा ११ बमोजिम आवेदन आह्वान गरिनेछ।

(ख) खण्ड (क) बमोजिम प्राप्त आवेदन दफा १३ बमोजिमको मूल्याङ्कनका आधारमा मूल्याङ्कन गरी कार्यक्रमका लागि लाभग्राही सिफारिस गरिनेछ।

(ग) खण्ड (ख) बमोजिम सिफारिस भएका लाभग्राहीको लागि दफा ४ बमोजिमका कार्यक्रम सञ्चालन गरिनेछ।

(घ) प्रतिष्ठानले कार्यक्रम कार्यान्वयनको सबै चरणको अनुगमन मूल्याङ्कन गर्नेछ।

(ङ) प्रतिष्ठानले कार्यक्रम कार्यान्वयनको आवधिक प्रतिवेदन तयार गरी मन्त्रालयमा पेस गर्नु पर्नेछ।

७. <u>उद्यमशीलता विकास तालिम सम्बन्धी व्यवस्था:</u> (१) परम्परागत पेसाको संवर्द्धन तथा प्रवर्धनका लागि गरिने उद्यमशीलता विकास कार्यक्रम अन्तर्गत देहाय बमोजिमका क्रियाकलापहरू सञ्चालन गरिनेछ;-

(क) उद्यमशीलता विकास प्रशिक्षक प्रशिक्षण तालिम

(ख) उद्यमशीलता विकास तालिम

(ग) व्यवसाय व्यवस्थापन तालिम (बजार व्यवस्थापन, लेखा तथा विक्रयकला आदि)

(घ) बहुमूल्य धातुका आधुनिक र परम्परागत संस्कृति झल्किने गरगहना,

(ङ) काँस, तामा, ढलोट, सिल्भरका घरायसी प्रयोगका भाँडा वर्तनहरू,

(च) फलामसँग सम्बन्धित भाँडाकुँडा तथा घरेलु औजारहरू,

(छ) छालाका सामग्री उत्पादन तथा मर्मत,

(ज) काठका सामग्री उत्पादन तथा मर्मत,

(झ) वाद्यवादनका सामग्री उत्पादन,

(ञ) व्यावसायिक सिलाई कटाई सम्बन्धी तालिम।

(२) उपदफा (१) को प्रयोजनको लागि देहाय बमोजिमका प्रक्रिया पूरा गर्नु पर्नेछ:

(क) अनुसुची-१ बमोजिमको आवेदन फाराम,

(ख) दलित समुदायको थर नजनिएको अवस्थामा सम्बन्धित स्थानीय तहको सिफारिस वा जिल्ला प्रशासन कार्यालयबाट जारी भएको दलित समुदायको व्यक्ति जनिने सिफारिस वा प्रमाणित प्रमाणपत्र, र

(ग) परम्परागत पेसामा आबद्ध रहेको व्यहोरा खुल्ने सम्बन्धित वडाको सिफारिस।

८. <u>प्रविधि स्तरोन्नतिमा सहयोग सम्बन्धी व्यवस्था:</u> (१) परम्परागतरूपमा सञ्चालन भइरहेको पेसाको स्तरोन्नतिका लागि प्रविधि स्तरोन्नतिमा सहयोग सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ। प्रविधि स्तरोन्नतिका लागि देहाय बमोजिमका प्रक्रिया पूरा गर्नुपर्नेछ।

(क) अनुसूची-३ बमोजिमको आवेदन फाराम,

(ख) दलित समुदायको थर नजनिएको अवस्थामा सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट जारी भएको दलित समुदायको व्यक्ति जनिने सिफारिस, र

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं

(ग) परम्परागत पेसामा आबद्ध रही प्रविधि स्तरोन्नति आवश्यक रहेको व्यहोरा खुल्ने सम्बन्धित वडाको सिफारिस।

(घ) परम्परागत पेसामा आधारित उद्यमको प्रविधि स्तरोन्नतिको लागि स्किम अनुसार बढीमा तीन लाखसम्म अनुदान सहयोग उपलब्ध गराउन सकिनेछ।

(ङ) सम्बन्धित स्थानीय तहमा दर्ता भएका समूहमा उद्यम गर्न चाहने लाभग्राहीहरूलाई परम्परागत पेसामा आधारित उद्यमको प्रविधि स्तरोन्नतिको लागि स्कीम अनुसार बढीमा पन्ध्र लाख रुपैयाँसम्म निःशुल्क अनुदान सहयोग उपलव्ध गराउन सकिनेछ।

(च) प्रविधि स्तरोन्नति गर्न चाहने लाभग्राहीले व्यवसाय दर्ता, स्थायी लेखा नम्बर र अघिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्र पेस गर्नु पर्नेछ ।

(२) प्रविधि स्तरोन्नतिका लागि छनोट भएका लाभग्राहीहरूको सूची प्रकाशन देहाय बमोजिम हुनेछ

(क) दफा १३ बमोजिमको आधारमा मूल्याङ्कन गरी कार्यक्रमका लागि छनोट भएका लाभग्राहीको सिफारिस सूची दाबी विरोधको लागि पन्ध्र दिनको म्याद दिई राष्ट्रिय स्तरको दैनिक पत्रिकामा सार्वजनिक गर्नुपर्नेछ ।

(ख) खण्ड (क) बमोजिम दाबी विरोध नपरेमा सूचीकृत लाभग्राहीलाई पन्ध्र दिनभित्र सम्झौता गर्न आउन सूचित गरिनेछ। दाबी विरोध परेका लाभग्राहीहरूको हकमा सो विषयको निरूपण भए-पश्चात् सम्झौताको लागि सूचित गरिनेछ।

(३) प्रविधि हस्तान्तरण सम्झौताः (क) प्रतिष्ठानले दफा ८ को उपदफा २ को खण्ड (ख) बमोजिम सम्झौताका लागि सूचित गरिएका लाभग्राहीले प्रस्तावमा माग गरे अनुरूपको प्रविधिका सम्बन्धमा स्थलगत अनुगमन गरी जानकारी लिन सक्नेछ।

(ख) प्रतिष्ठानले दफा ८ को उपदफा २ को खण्ड (ख) बमोजिम सम्झौता गर्न आउने लाभग्राहीको स्थलगत अनुगमन गरेको भए सो प्रतिवेदनको आधारमा सम्बन्धित लाभग्राहीसँग सम्झौता गर्नु पर्नेछ। तोकिएको अवधिमा सम्झौता गर्न नआउने लाभग्राहीका लागि सम्झौता गर्ने म्याद थप गरिने छैन।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं

(ग) खण्ड (क) बमोजिमको स्थलगत अनुगमनबाट लाभग्राहीले प्रस्तावमा माग गरेको प्रविधि जडान गर्न आवश्यक नदेखिएमा वा अन्य कैफियत देखिएमा प्रतिष्ठानबाट सम्झौताको प्रक्रिया अगाडी बढाइने छैन।

(४) प्रविधि खरिद, जडान तथा सञ्चालनः (क) लाभग्राहीले स्वीकृत स्पेशिफिकेशन र लागत अनुमानको अधीनमा रही प्रविधि खरिद गर्नुपर्नेछ।

(ख) दफा ८ को उपदफा (३) बमोजिम सम्झौता भएको मितिले बढीमा नब्बे दिनभित्र सम्बन्धित लाभग्राहीले प्रविधि खरिद तथा जडान गरी देहायका कागजात संलग्न गरी प्रविधि हस्तान्तरणको रकम शोधभर्नाका लागि प्रतिष्ठानमा निवेदन दिनुपर्नेछः-

(क) सम्बन्धित वडा कार्यालयको सिफारिस,
(ख) अनुगमन प्रतिवेदन,
(ग) निवेदन,
(घ) प्रविधि खरिदको सक्कल बिल बिजक।

(५) अनुगमन तथा अनुदान रकम सोधभर्नाः (क) प्रतिष्ठानले दफा ८ को उपदफा (४) को खण्ड (क) बमोजिम प्रविधि खरिद गरे पश्चात् स्वीकृत स्पेशिफिकेशन अनुसार प्रविधि खरिद तथा जडान गरी सञ्चालनमा ल्याएको छ/छैन भन्ने सम्बन्धमा स्थलगत अनुगमन गरी प्रतिवेदन लिनु पर्नेछ।

(ख) खण्ड (क) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रतिष्ठानले स्वीकृत स्पेशिफिकेशन अनुसार प्रविधि खरिद तथा जडान गरी सञ्चालनमा ल्याएको छ/छैन भन्ने सम्बन्धमा तेस्रो पक्षबाट स्थलगत अनुगमन गराई प्रतिवेदन लिन बाधा पुगेको मानिने छैन।

(ग) खण्ड (क) वा (ख) बमोजिमको अनुगमन प्रतिवेदनबाट स्वीकृत स्पेशिफिकेशन अनुसार प्रविधि खरिद तथा जडान गरी सञ्चालनमा ल्याएको देखिएमा सम्बन्धित लाभग्राहीको बैङ्क खातामा सम्झौता बमोजिमको रकम शोधभर्ना दिनुपर्नेछ ।

(घ) स्वीकृत स्पेशिफिकेशन बाहिरको प्रविधि खरिद तथा जडान भएमा प्रतिष्ठानले सम्झौता अनुसारको रकम उपलब्ध गराउने छैन।

९. <u>सहुलियतपूर्ण ब्याज अनुदान सम्बन्धी व्यवस्थाः</u> परम्परागत पेसामा आधारित उद्यमीले बैङ्क तथा वित्तीय संस्थाबाट लिएको कर्जामा लाग्ने ब्याजलाई सहुलियतपूर्ण बनाउन ब्याज अनुदान प्रदान

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं

गर्दा अर्थ मन्त्रालयबाट जारी भएको "सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदानसम्बन्धी कार्यविधि, २०८२" बमोजिम हुनेछ।

१०. **आवेदन आह्वान गर्ने:** प्रतिष्ठानले यस कार्यविधि बमोजिमका कार्यक्रमका लागि इच्छुक लाभग्राहीहरूबाट आवेदन आह्वान गरी बढीमा एक्काइस दिनको अवधि दिई राष्ट्रिय स्तरको दैनिक पत्रिका र विद्युतीय माध्यमबाट सूचना प्रकाशन गर्नुपर्नेछ।

११. **आवेदन पेस गर्नु पर्ने:** (१) यस कार्यविधि बमोजिमका कार्यक्रममा सहभागी हुन चाहने दफा ५ बमोजिमको योग्यता पुगेका लाभग्राहीले दफा १० बमोजिमको सूचनाको अवधिभित्र अनुसूची-१ वा ३ बमोजिमको ढाँचामा प्रतिष्ठानमा आवेदन पेस गर्नु पर्नेछ।

(२) आवेदकले उपदफा (१) बमोजिमको आवेदनमा अन्य कुनै निकायबाट दफा ४ को खण्ड (ख) र (ग) बमोजिमको कार्यक्रम जस्तै समान प्रकृतिको अन्य कार्यक्रमबाट लाभ प्राप्त नगरेको ब्यहोराको स्वः घोषणा गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम गरिएको स्वः घोषणा झूटो ठहरिएमा त्यस्तो आवेदन जुनसुकै बखत रद्द हुनेछ।

१२. **आवेदन मूल्याङ्कन समितिः** (१) प्रतिष्ठानले दफा (१) बमोजिम पेस हुन आएका आवेदनको मूल्याङ्कन गर्न निर्देशक वा अधिकृतस्तरको कर्मचारीको संयोजकत्वमा देहाय बमोजिमको मूल्याङ्कन समिति गठन गर्नु पर्नेछ।

(क) निर्देशक वा अधिकृतस्तरको कर्मचारी, प्रतिष्ठान -संयोजक

(ख) उद्यमशीलता विकास सम्बन्धी विषय विज्ञ -सदस्य

(ग) अधिकृतस्तरको कर्मचारी, प्रतिष्ठान -सदस्य सचिव

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि मूल्याङ्कन सम्बन्धी कार्यसम्पादनलाई छिटो छरितो, सहज र लाभग्राहीमैत्री बनाउन प्रतिष्ठानले उपदफा (१) बमोजिमको समितिलाई प्रदेशगत एवम् जिल्लागत रूपमा मुकाम राखी मूल्याङ्कनको कार्य गर्ने गरी खटाउन वा आवश्यकता अनुसार प्रतिष्ठानको अधिकृतस्तरको कर्मचारीको संयोजकत्वमा अन्य सदस्यहरू मुकामस्तरका निकायबाट नै खटाउने गरी थप मूल्याङ्कन समिति गठन गराई कार्य गराउन बाधा पुगेको मानिने छैन।

१३. <u>आवेदन मूल्याङ्कनका आधार:</u> दफा ११ बमोजिम पेस हुन आएका आवेदनको मूल्याङ्कन समितिले देहायको विषयमा आधारित भई अनुसूची २ वा ४ बमोजिमको अङ्क भारको आधारमा मूल्याङ्कन गर्नुपर्नेछः

(क) रितपूर्वक निवेदन

(ख) पेसाको निरन्तरता

(ग) पेसासँग सम्बन्धित प्रविधिको स्तरोन्नति बारेमा बजारमा उपलब्ध आधुनिक प्रविधि सम्बन्धी सामान्य ज्ञान

(घ) दफा ११ को उपदफा (२) बमोजिमको स्वघोषणा

(ङ) उत्पादित वस्तु बिक्रीको सम्भावना/व्यवसाय विस्तारको सम्भावना

१४. <u>समन्वय तथा सहजीकरण समिति:</u> (१) कार्यक्रम सञ्चालनमा समन्वय तथा सहजीकरण गर्न देहाय बमोजिमको समन्वय तथा सहजीकरण समिति रहनेछः-

(क) महाशाखा प्रमुख, औद्योगिक तथा लगानी प्रवर्द्धन महाशाखा, मन्त्रालय -संयोजक

(ख) कार्यकारी निर्देशक, प्रतिष्ठान -सदस्य

(ग) उपसचिव, अर्थ मन्त्रालय -सदस्य

(घ) उपसचिव, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय -सदस्य

(ङ) अधिकृत प्रतिनिधि, राष्ट्रिय दलित आयोग -सदस्य

(च) उपकार्यकारी निर्देशक, लघु वित्त प्रवर्धन तथा सुपरिवेक्षण विभाग, नेपाल राष्ट्र बैङ्क -सदस्य

(छ) दलित उद्यमीहरू, व्यवसायीहरू, सङ्घ संस्थाहरू मध्येबाट प्रतिनिधित्व हुने गरी समितिले मनोनित गरेका एक जना महिला सहित दुई जना -सदस्य

(ज) अधिकृतस्तरको कर्मचारी, प्रतिष्ठान -सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं

(३) उपदफा (१) बमोजिमको समितिको सदस्य-सचिवले अध्यक्षसँग परामर्श गरी अन्य विशेषज्ञ वा विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(४) उपदफा (१) बमोजिमको समितिको बैठक सम्बन्धी अन्य कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

१५. <u>प्रशासनिक खर्च र कर्मचारीको व्यवस्था</u>: (१) प्रतिष्ठानले यस कार्यविधि बमोजिमको कार्यक्रम सञ्चालन गर्न विनियोजन भएको रकमको बढीमा २ (दुई) प्रतिशतसम्म प्रशासनिक खर्च गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको रकम यस कार्यविधि बमोजिम सञ्चालन हुने कार्यक्रमका लागि मात्र खर्च गर्नुपर्नेछ।

(३) यस कार्यविधि बमोजिमको कार्यक्रम सञ्चालन गर्न थप कर्मचारी आवश्यक पर्ने भएमा उपदफा (१) बमोजिमको प्रशासनिक खर्चको परिधिभित्र रही कार्यक्रम अवधिभरका लागि दैनिक ज्यालादारी वा सेवा करारमा नियुक्त गरी काममा लगाउन सक्नेछ।

(४) उपदफा (१) बमोजिमको प्रशासनिक कार्यमा खर्च नभएको रकम यस कार्यविधि बमोजिम सञ्चालन हुने कार्यक्रममा खर्च गर्न सकिनेछ ।

(५) यस कार्यक्रमको लेखापरीक्षण गर्ने गराउने जिम्मेवारी प्रतिष्ठानको हुनेछ।

(६) प्रतिष्ठानले उपदफा (१) बमोजिमको खर्च नभएको रकम आर्थिक वर्षको अन्त्यमा सर्वसञ्चित कोषको खातामा जम्मा गर्नुपर्नेछ।

१६. <u>समन्वय र सहकार्य</u>: (१) स्थानीयस्तरमा परम्परागत सीप र कलाको उपयोग गरी उत्पादित वस्तुहरू बिक्री वितरण गर्नका लागि बिक्री कक्ष स्थापना गर्न स्थानीय तहसँग समन्वय र सहकार्य गरिनेछ।

(२) उत्पादित वस्तुलाई स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय बजारमा पहुँच स्थापित गर्नका लागि समन्वय र सहकार्य गरिनेछ।

(३) उत्पादनको गुणस्तर सुधार र परम्परागत ज्ञान, सीप एवम् औद्योगिक सम्पत्तिको संरक्षणका र सचेतना अभिवृद्धिका लागि सहजीकरण गरिनेछ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं

(४) परम्परागत रूपमा सञ्चालनमा रहेका उद्यममा प्रयोग भइरहेको प्रविधिलाई आधुनिक प्रविधिमा रुपान्तरण गर्न सहयोग तथा समन्वय गरिनेछ।

१७. **कार्यक्रम सञ्चालनः** दफा ४ बमोजिमको कार्यक्रम सञ्चालनका क्षेत्रहरूमध्ये कुनै क्षेत्रको कार्यक्रम हुन नसक्ने भन्ने प्रतिष्ठानलाई लागेमा त्यस्तो कार्यक्रमका लागि स्वीकृत वार्षिक बजेट सोही दफा बमोजिमको अन्य क्षेत्रमा खर्च गर्न सकिनेछ।

१८. **अनुगमन तथा प्रतिवेदन**: (१) मन्त्रालय र प्रतिष्ठानले यस कार्यविधि बमोजिम सञ्चालन गरिने कार्यक्रमको आवधिक रूपमा_अनुगमन गर्नुपर्नेछ।

(२) अनुगमनका आधारहरू:

(क) तालिम लिएको व्यक्ति सम्बन्धित पेसामा संलग्न भए/ नभएको

(ख) प्रविधि स्तरोन्नति भए/ नभएको

(ग) उत्पादित वस्तुको बजारीकरणको अवस्था

(घ) परिमाणात्मक र गुणात्मक सुधार भए/ नभएको

(३) मन्त्रालयबाट भएको अनुगमनको अनुगमन प्रतिवेदन मन्त्रालय समक्ष र प्रतिष्ठानबाट भएको अनुगमनको अनुगमन प्रतिवेदन प्रतिष्ठानसमक्ष पेस गर्नुपर्नेछ।

१९. **प्रशिक्षक तथा प्रशिक्षार्थी सेवा सुविधा सम्बन्धी व्यवस्थाः** प्रशिक्षकहरूलाई नेपाल सरकारको मापदण्ड अनुसार सेवा सुविधा उपलब्ध गराइनेछ। प्रशिक्षार्थीहरूलाई नेपाल सरकारको अधिकृत (तृतीयस्तर) को दैनिक भ्रमण भत्ता र कार्यक्रमको आवश्यकताअनुसार यातायात खर्च उपलब्ध गराइनेछ।

२०. **अवलोकन भ्रमणः** पेसासँग सम्बन्धित तालिमको सन्दर्भमा आवश्यकतानुसार स्वदेश तथा विदेशका असल अभ्यास भएका उद्यमको स्थलगत वस्तुगत अध्ययन भ्रमण गर्न सकिनेछ।

२१. **दोहोरो सुविधा लिन नपाउने** : यस कार्यविधिबमोजिम सञ्चालित कार्यक्रमबाट एक पटक यस्तो सुविधा प्राप्त गर्ने उद्यमीले पुनः सोही वा अन्य निकायबाट सञ्चालित कार्यक्रमबाट त्यस्तो सेवा सुविधा लिन पाउनेछैन।

२२. **प्रतिवेदन** : यस कार्यविधिबमोजिम भएका कार्यहरूको प्रगति प्रतिवेदन त्रैमासिक रूपमा प्रतिष्ठानले मन्त्रालय समक्ष पेस गर्नुपर्नेछ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं

२३. **बाधा अड्काउ फुकाउने अधिकार** : यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा मन्त्रालयले प्रतिष्ठानको लिखित सिफारिस तथा अनुरोधमा त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ।

२४. **अनुसूचीमा हेरफेर** : यस कार्यविधिको अनुसूचीमा कुनै हेरफेर, संशोधन वा परिमार्जन गर्नुपरेमा मन्त्रालयले गर्न सक्नेछ।

२५. **अनुगमन**: प्रतिष्ठानले सञ्चालन गरेका कार्यक्रमको अनुगमन र मूल्याङ्कन गरी पृष्ठपोषण दिन सक्नेछ।

अनुसूची-१

उद्यमशीलता सम्बन्धी तालिम (दफा ७ सँग सम्बन्धित)

**(क) आवेदकको विवरणः**

आवेदकको नामः ---------------------------------

ठेगानाः प्रदेशः ------------ जिल्लाः ------------ गा.पा./न.पा./उ.म.न.पा./म.न.पा.: ----------------
वार्ड नं.: ---टोलः -------------- टेलिफोन नं.: ------------------------------ इमेल: ------------------

जन्म मितिः-------------------------- शैक्षिक योग्यताः --------------------------------

पेसाः ----------------------------------

बाबुको नामः ---------------------------------

बाबुको पेशाः ---------------------------------

परम्परागत पेसा निरन्तरताको अवस्थाः

आधुनिक प्रविधिको प्रयोगः भएको / नभएको

उत्पादित वस्तु बिक्रीको सम्भावनाः भएको / नभएको

कुनै संस्थाबाट पेसागत स्तरोन्नतिका लागि सहयोगः लिएको / नलिएको

**(ख) विगतमा उद्यमशीलता सम्बन्धी तालिम / कार्यक्रममा समावेश भएकोः**

(१) ------------------------------, ------ दिन

(२) ------------------------------, ------ दिन

(३) ------------------------------, ------ दिन

(४) ------------------------------, ------ दिन

**(ग) आवेदनको साथमा संलग्न गर्नुपर्ने कागजातः**

१. आवेदकको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

२. राष्ट्रिय दलित आयोग वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट दलित प्रमाणित कागजातको प्रतिलिपि,

३. शैक्षिक योग्यताको प्रमाण-पत्रको प्रतिलिपि (यदि भएमा),

४. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं

## अनुसूची-२

<u>आवेदन मूल्याङ्कनको आधार</u> (दफा १३ सँग सम्बन्धित)

| क्र.सं. | मूल्याङ्कनका आधार | अङ्कभार | प्राप्ताङ्क |
|---|---|---|---|
| क | रितपूर्वक निवेदन | २ | |
| ख | पेसाको निरन्तरता<br>(१) व्यवसाय दर्ता भएको पहिलो वर्षको हकमा -१ अङ्क<br>(२) व्यवसाय दर्ता भएको दोस्रो वर्ष देखि चौथो वर्ष सम्म प्रत्येक थप एक वर्षको एक अङ्कका दरले<br>(३) व्यवसाय दर्ता भएको पाँच वर्ष वा सो भन्दा बढीको हकमा - ५ अङ्क | ५ | |
| ग | उद्यमशीलता सम्बन्धी ज्ञान | ३ | |
| घ | आवेदकको शैक्षिक योग्यता<br>• साधारण लेखपढ - ३ अङ्क<br>• १० कक्षा वा सो भन्दा सो भन्दा माथि- ५ अङ्क | ५ | |
| ङ | व्यवसाय विस्तारको सम्भावना | ५ | |
| | कुल जम्मा | २० | ..... |

मूल्याङ्कनकर्ताको विशेष कुनै टिप्पणी भएमा सोः

.........................................................................

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं

## अनुसूची-३

## प्रविधि स्तरोन्नतिको आवेदन फारम (दफा ८ सँग सम्बन्धित)

**(क) आवेदकको विवरण:**

- आवेदकको नामः --------------------------------
- ठेगानाः प्रदेश: ------------ जिल्ला: ------------ गा.पा./न.पा./उ.म.न.पा./म.न.पा.: ----------------
  वार्ड नं.: ---टोल: -------------- टेलिफोन नं.: ------------------------------ इमेल: -------------------
- जन्म मितिः------------------------- शैक्षिक योग्यताः -------------------------------
- पेशाः ---------------------------------
- बाबुको नामः --------------------------------
- बाबुको पेशाः --------------------------------
- परम्परागत पेसा निरन्तरताको अवस्थाः
- आधुनिक प्रविधिको प्रयोगः भएको / नभएको
- उत्पादित वस्तु बिक्रीको सम्भावनाः भएको / नभएको
- कुनै संस्थाबाट पेसागत स्तरोन्नतिका लागि सहयोगः लिएको / नलिएको

**(ख) परम्परागत पेसा स्तरोन्नतिको लागिः**

१. विद्यमान सञ्चालनमा रहेको पेसाः

२. स्तरोन्नति गर्न चाहेकोः

१. ------------------------------

२. ------------------------------

३. ------------------------------

४. ------------------------------

३. अनुमानित लागतः रु------------------------------

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय नेपाल सरकार सिंहदरबार, काठमाडौं

(ग) **आवेदनको साथमा संलग्न गर्नुपर्ने कागजातः**

१. आवेदकको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

२. राष्ट्रिय दलित आयोग वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट दलित प्रमाणित कागजातको प्रतिलिपि,

३. उद्यमशीलता विकास वा सीपमूलक तालिमको प्रमाणपत्रको प्रतिलिपि (यदि भएमा),

४. शैक्षिक योग्यताको प्रमाण-पत्रको प्रतिलिपि (यदि भएमा),

५. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं

## अनुसूची-४

**आवेदन मूल्याङ्कनको आधार** (दफा १३ सँग सम्बन्धित)

| क.सं. | मूल्याङ्कनका आधार | अङ्कभार | प्राप्ताङ्क |
|---|---|---|---|
| क | **रितपूर्वक निवेदन** | ५ | |
| ख | **पेसाको निरन्तरता**<br>(१) व्यवसाय दर्ता भएको पहिलो वर्षको हकमा -१ अङ्क<br>(२) व्यवसाय दर्ता भएको दोस्रो वर्ष देखि चौथो वर्ष सम्म प्रत्येक थप एक वर्षको एक अङ्कका दरले<br>(३) व्यवसाय दर्ता भएको पाँच वर्ष वा सो भन्दा बढीको हकमा - ५ अङ्क | ५ | |
| ग | **आधुनिक प्रविधिको सम्भावना र आवश्यक ज्ञान सीप** | ५ | |
| घ | **आवेदकको शैक्षिक योग्यता**<br>• साधारण लेखपढ - ३ अङ्क<br>• १० कक्षा वा सो भन्दा सो भन्दा माथि- ५ अङ्क | ५ | |
| ङ | **उत्पादित वस्तु बिक्रीको सम्भावना** | ५ | |
| | **कुल जम्मा** | २५ | ..... |

मूल्याङ्कनकर्ताको विशेष कुनै टिप्पणी भएमा सोः

.......................................................................